KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

Founded: 20 Falgun 2007 (4th March 1951)

**Member:**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

**CENTRAL OFFICE:**
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

**EXECUTIVE COMMITTEE (2023-2026)**

**President**
Dr. Anil Bikram Karki

**Immediate Past President**
Dr. Lochan Karki

**Senior Vice President**
Dr. Badri Rijal

**Vice President & Province Coordinator**
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

**General Secretary**
Dr. Sanjeeb Tiwari

**Treasurer**
Dr. Pramod Joshi

**Joint Secretary**
Dr. Leison Maharjan

**Joint Treasurer**
Dr. Bikrant Dhakal

**Members**
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

**Editor-in-chief**
Dr. Ashis Shrestha

मिति: २०८३/०२/१४

## प्रेस विज्ञप्ति

नेपालमा स्वास्थ्य क्षेत्रमा विनियोजन गरिने बजेट र देशमा कार्यरत चिकित्सकहरूको सेवा सुविधा सम्बन्धमा नेपाल चिकित्सक संघको ध्यानाकर्षण भएको छ ।

नेपालमा चिकित्सकहरूद्वारा प्रदान गरिएको स्वास्थ्य सेवालाई थप सम्मान गर्दै चिकित्सकहरूलाई स्वदेश मै बस्ने वातावरण बनाएर नेपाली नागरिकको स्वास्थ्य सेवा पाउने नैसर्गिक हकलाई पनि थप सुरक्षित गर्नका लागि निम्न अनुसार बजेट विनियोजन गर्नुपर्ने र प्रचलित नियममा निम्न संशोधन आवश्यक रहेको संघको ठहर छ:

१) स्वास्थ्य कार्यक्रमहरु आवश्यक र निरन्तर हुने भएकाले र बजेट घटाउँदा वा सिलिंग तोक्दा त्यसको प्रत्यक्ष मार जनताको स्वास्थ्यमा पर्ने भएकोले बजेटको सिलिंग नघटाई विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम कम्तिमा पनि कूल बजेटको १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा बिनियोजन गरिनु पर्ने ।

२) सार्क मुलुकहरुमा नेपाली चिकित्सक एवं स्वास्थ्यकर्मीले न्यून सेवा सुविधामा काम गरेको र चिकित्सक अध्ययनको समय अरु स्नातकभन्दा करिब दोब्बर समय लाग्ने भएकोले अन्य मुलुकमा जस्तै प्रथम श्रेणीमा नियुक्त हुने व्यवस्था बजेटमार्फत सुनिश्चित गरिनु पर्ने ।

३) लोकसेवा आयोग मार्फत तत्कालै चिकित्सक तथा स्वास्थ्यकर्मीको दरबन्दी अनिवार्य रुपमा थप गर्ने र स्वास्थ्य सेवाको दीर्घकालिन समाधानका लागि चिकित्सा सेवा आयोग र चिकित्सा सेवा ऐनको निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिनु पर्ने।

४) कुनै एक संस्थामा पूर्णकालीन (हप्तामा कम्तिमा ४२ घण्टा काम गर्ने, SALARIED JOB) काम गरेको डाक्टरले आफ्नो कार्यालय समय भन्दा अगाडी र पछाडी सोही संस्था भित्र वा अन्य संस्थामा रहेर प्रदान गरेको कन्सल्टेसन सेवा (Consultative Service) अथवा शल्यकृया वा अन्य उपचारात्मक सेवाहरु (Preventive, Promotive or Curative procedures including surgeries) लाई अतिरिक्त समयमा दिएको

KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association
Founded: 20 Falgun 2007 (4th March 1951)

**Member:**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

**CENTRAL OFFICE:**
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

**EXECUTIVE COMMITTEE (2023-2026)**

**President**
Dr. Anil Bikram Karki

**Immediate Past President**
Dr. Lochan Karki

**Senior Vice President**
Dr. Badri Rijal

**Vice President & Province Coordinator**
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

**General Secretary**
Dr. Sanjeeb Tiwari

**Treasurer**
Dr. Pramod Joshi

**Joint Secretary**
Dr. Leison Maharjan

**Joint Treasurer**
Dr. Bikrant Dhakal

**Members**
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

**Editor-in-chief**
Dr. Ashis Shrestha

अत्यावश्यक पटके सेवामा गणना गरी सो को अतिरिक्त आम्दानीलाई अतिरिक्त समयको पटके आम्दानी मानी सो आम्दानीको १५% TDS नै अन्तिम ट्याक्स हुने व्यवस्था गर्ने ।

५) कुनै एक वा एक भन्दा बढी संस्थामा सेवा अनुसारको आम्दानी (paid as earned or consultative service) शर्तमा सेवा दिनुभएका चिकित्सकहरुको हकमा यदी उहाँहरूले व्यक्तिगत प्यान (personal PAN) प्रयोग गर्न चाहेमा वार्षिक २५ लाख सम्मको १५%, २५ देखि ५० लाख सम्मको १७% र ५० लाख भन्दा माथिको आम्दानीमा २०% ट्याक्स अन्तिम ट्याक्स हुने व्यवस्था गर्ने ।

६) चिकित्सकहरुको सेवा सुबिधा न्यून रहेको र यसले समग्र स्वास्थ्य सेवा प्रवाहलाई चुस्त पार्न नसकिएको परिवेशलाई ध्यानमा राख्दै चिकित्सकहरुलाई सार्क लगायत अन्य मुलुक सरह सेवा सुबिधाको सुनिश्चित गरिनु पर्ने । त्यसका लागि प्रोत्साहन भत्ता, जोखिम भत्ता (Professional Liability Insurance, Critical Illness Insurance) एवं २४ घण्टा खटिनु पर्ने अवस्था भएकोले अन्य सेवा जस्तै चालक, सवारी साधन, आवास जस्ता सुविधाहरु उपलब्ध गराउनु पर्नेछ । चिकित्सा शिक्षामा राज्यले तोकेको शुल्कको अनुपातमा सुविधा न्यून रहेकोले सोको अनुपातमा तलब सुविधा पाउने सुनिश्चितता बजेट मार्फत व्यवस्था हुनु पर्ने ।

माथि उल्लेखित व्यवस्था लागु गरी चिकित्सकहरूद्वारा प्रदान गरिने स्वास्थ्य सेवालाई थप सुदृढ बनाउन नेपाल चिकित्सक संघ नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

डा. सन्जिब तिवारी
महासचिव

Phone No.: +977-1-5325860, 5331825, Fax No.: +977-1-4225300, Email: nma@nma.org.np, Web: www.nma.org,np